# सरकार गठन तर निर्वाचन मिति अनिश्चित

तिलक पाठक /भुवन केसी

प्रकाशित मिति:२०६९ चैत १९

प्रमुख राजनीतिक दलले प्रधान न्यायधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी सरकार बनाउन लिखित सहमति गरे । र, त्यसै दिन अथार्त् फागुन ३० गते मन्त्रीपरिषदले अन्तरिम संविधानको धारा १५८ अनुसार २४ बुँदे वाधा अड्काउ फुकाउने आदेश राष्ट्रपति समक्ष पठायो । त्यसै अनुरुप रेग्मीले राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथग्रहण गरे । रेग्मीसँगै चैत्र १ गते माधव प्रसाद घिमिरे र हरि प्रसाद न्यौपानेले पनि क्रमशः गृह तथा परराष्ट्र र कानुनमन्त्रीको रुपमा शपथग्रहण गरे । मन्त्रीपरिषदको पहिलो वैठकले निर्वाचन आयोगसँग परामर्श गरी छिट्टै संविधान सभा चुनावको मिति तय गर्ने निर्णय गऱ्यो । सरकारको यो निर्णयले निर्वाचन हुने आश पनि जगायो । यद्यपी, निर्वाचनका लागि चौतर्फी जटिलता र चुनौती भने नभएका होइनन् । प्रधान न्यायधीशलाई सरकार प्रमुख बनाउने प्रस्तावमा कांग्रेस र एमालेभित्रै असन्तुष्टी थियो भने नेकपा-माओवादीसहितका साना दल विरोधमै थिए । त्यस्तै नेपाल बार एसोसियसन र नागरिक समाजले समेत यो प्रस्तावको निरन्तर विरोध गर्दै आएको थियो । त्यसैले रेग्मी नेतृत्वको सरकार गठन भएपछि यसको चौतर्फी आलोचना सुरु भयो । एकातर्फ आलोचना तथा आन्दोलनका कार्यक्रम र अर्कोतर्फ सरकारले चुनावको मिति तय गर्न नसक्दा असारमा गर्ने भनिएको चुनाव भने अनिश्चित बन्यो ।

नेकपा माओवादीले चैत्र ८ गते यथास्थितिमा निवार्चन गराए बहिष्कार गर्ने निणर्य गऱ्यो । अध्यक्ष मोहन वैद्यले खिलराज रेग्मी सरकारको बर्खास्तीलगायत ४ माग अघि सार्दै संघर्षमा जाने चेतावनी दिए । ‘चुनाव त पञ्चायतीकालमा पनि हुन्थ्यो तर त्यसको कुनै अर्थ हुन्थेन । अहिलेको घोषणा पनि नौटंकी हो । यो सच्याइएन भने बहिष्कार गर्छौं’ एक साता लामो पोलिटब्युरो बैठकको निर्णय सार्वजनिक गर्ने क्रममा पार्टी कार्यलय बुद्धनगरमा आयोजित पत्रकार सम्मेलनमा वैद्यले भने, ‘हाम्रा मागको सुनुवाइ नभए चैत २४ लाई केन्द्रविन्दु बनाएर सशक्त संघर्षका कार्यक्रम ल्याउँछौं ।’[1] नभन्दै उनीहरुसहितका साना दलले चैत्र ११ गते दोस्रो चरणको संघर्षका कार्यक्रम घोषणा गरे जसअनुसार चैत १५ देखि २५ गतेसम्म जनजागरण,जनपरिचालन, धर्ना घेराउलगायतका कार्यक्रम तय गरियो । यसले गर्दा निर्वाचन झनै अनिश्चित बन्दै गयो ।

यता रेग्मीको नेतृत्वमा सरकार बनेको दिनलाई नेपाल बारले भने न्यायिक इतिहासमै कालो दिन भएको टिप्पणी गऱ्यो । ‘नेपालको स्वतन्त्र न्यायपालिकामा स्वंय प्रधान न्यायधीश खिलराज रेग्मीबाट गरिएको निर्लज्ज प्रहारले हाम्रो विगत साठी बर्षको न्यायिक इतिहासमा कालो दाग लगाएकाले आजको दिनलाई न्यायिक क्षेत्रको कालो दिन भएको नेपाल बार घोषणा गर्दछ’, बारले जारी गरेको विज्ञप्तीमा उल्लेख गरियो । बाधा अड्काउ फुकाउने नाममा जालसाजी भएको भन्दै बारले प्रधान न्यायधीश रेग्मीलाई राजिनामा दिन पनि आग्रह गऱ्यो । पूर्व प्रधानन्यायाधीश अनुपराज शर्मा तथा सर्वोच्चका पूर्व न्यायाधीशहरू बलराम केसी र भरतराज उप्रेतीले पनि चैत्र ९ गते संयुक्त विज्ञप्ति जारी गर्दै रेग्मीलाई राजीनामा दिन आग्रह गरे । ‘बहालवाला प्रधान न्यायाधीशलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउने कार्य कानुनी शासन, संविधानवाद, स्वतन्त्र न्यायपालिका र शक्ति पृथकीकरणको सिद्धान्तविपरीत हुन्छ,’ विज्ञप्तिमा उल्लेख छ, ‘यस्तो कार्य कहिल्यै पनि स्वीकार्य हुँदैन ।’ प्रधानन्यायाधीश स्वयं कानुनका ज्ञाता हुने हुनाले रेग्मीले मन्त्रिपरिषद्को अध्यक्षता गर्ने प्रस्ताव स्वीकार गर्न हुँदैनथ्यो भन्दै पूर्वन्यायाधीशहरूले उनको आलोचना पनि गरे । रेग्मीविरुद्धका रिट सर्वोच्चमा विचाराधीन हुँदाहुँदै उनलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाइनु संविधानमाथिको बेइमानी भन्दै उनीहरूले त्यसको विरोध गरे ।

***रिटमाथि रिट :*** प्रधान न्यायधीश खिलराज रेग्मीबाट अदालतको अपहेलना भएको दावीका साथ दर्ता गर्न खोज्दा सर्वोच्चले गरेको दरपीठ बदर गर्न फागुन २० मा अर्को निवेदन दायर गरियो । निवेदनमा ६ दिनअघि सर्वोच्च

---

[1] यथास्थितीमा चुनाव वहिष्कार : नेकपा-माओवादी । कान्तिपुर । ९ चैत्र २०६९ । पृष्ठ १ ।

अदालतद्धारा निकालिएको विज्ञप्ती न्यायधीश आचार संहिता ०६५ विपरित भएको दावी गरिएको थियो । त्यस्तै प्रधान न्यायधीश रेग्मीलाई प्रधानमन्त्री बनाउने प्रक्रियाविरुद्ध परेको रीट हचुवा भन्दै फागुन २२ मा राष्ट्रपति कार्यलय, प्रधानमन्त्री बावुराम भट्टराई र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले सर्वोच्चमा आफनो छुट्टाछुट्टै लिखित जवाफ पठाए । उनीहरुले सर्वोच्चमा पेस गरेको जवाफमा निवेदक भरतमणि जंगमले दिएको निवेदनको आधार संविधान र कानुनभन्दा वाहिर भएकाले त्यसमाथि सुनुवाई गरिरहन जरुरी नभएको जिकीर पनि गरे । जंगमले फागुन ६ गते दायर गरेको रीटमाथि सुनुवाई गर्दै न्यायधीश सुशीला कार्कीको इजलासले फागुन १३ गते विपक्षीहरुको नाममा रेग्मीलाई प्रधानमन्त्री बनाउन प्रस्ताव गर्नुपर्नाको कारण २२ गतेभित्र लिखित रुपमा पेश गर्न आदेश दिएको थियो । त्यही आदेशअनुसार तीनै विपक्षीले अन्तिम दिन जवाफ पठाएका हुन् ।[2]

यता सर्वोच्च अदालतले त्यसै दिन रेग्मीविरुद्धको अर्को मुद्धाको सुनुवाई चैत्र १ गतेलाई सा¥यो । न्यायधीश गिरीशचन्द्र लालको एकल इजलासबाट भएको आदेशमा संवैधानिक गम्भीर प्रश्न निरुपण गर्नुपर्ने उल्लेख गर्दै सुनुवाईका लागि उपयुक्त इजलास तोक्न प्रधान न्यायधीशको ध्यानाकर्षित गर्ने उल्लेख गरियो । आदेशमा निवेदकले उल्लेख गरे झैं तत्काल अन्तरिम आदेश जारी गर्न नपर्ने बताउदै रिटका प्रत्यार्थीहरुलाई फागुन ३० गतेसम्म लिखित जवाफ पेस गर्न पनि आदेश दिइयो । अधिबक्ता ओम प्रकाश अर्यालले यो रिट फागुन १५ मा दायर गरेका थिए । त्यस्तै त्यसै दिन प्रधान न्यायधीश रेग्मीबाट अदालतको अवहेलना भएको भन्दै परेको रिटमा सर्वोच्च अदालत प्रशासनले गरेको दरपीठलाई सर्वोच्च अदालतको इजलासले पनि सदर गरिदियो । फागुन २५ मा रेग्मीविरुद्धको सुनुवाई भएपनि न्यायधीशहरु कल्याण श्रेष्ठ, गिरीशचन्द्र लाल र सुशीला कार्कीको इजलासले चैत्र १ गतेको लागि सा¥यो । सर्वोच्चले उस्तै प्रकृतिको दुई वा त्यसभन्दा बढी मुद्धा एकै इजलासमा एकै पटक राखेर सुनुवाई गर्ने भन्दै चैत्र १ का लागि सारेको हो ।

प्रधानन्यायाधीश रेग्मीलाई चुनावी सरकारको प्रमुख बनाउने मन्त्रिपरिषद्को निर्णयविरुद्ध पनि सर्वोच्चमा चैत्त १ मा दुई रिट दायर भए । अधिवक्ता कञ्चनकृष्ण न्यौपानेले एउटा र चन्द्रकान्त ज्ञवाली तथा ओमप्रकाश अर्यालले संयुक्तरूपमा अर्को रिट दायर गरे । न्यौपानेले रेग्मीलाई चुनावी सरकारको प्रमुख बनाउने गरी राष्ट्रपतिबाट भएको बाधा अड्काउ फुकाउ र मन्त्रिपरिषद्को निर्णय बदर गर्न माग गरे । ज्ञवाली र अर्यालको रिटमा चाहिँ रेग्मीलाई प्रधानन्यायाधीशबाट पदच्युत गरिपाऊँ भन्ने उल्लेख गरियो । रेग्मीविरुद्ध यसअघि नै दायर भएका दुई रिट सर्वोच्चमा विचाराधीन नै रहेको अवस्थामा थप दुई रिट थपिएका हुन् । चैत १ मा हुने भनिएको ती अघिल्ला दुई रिटको सुनुवाइ भने प्राविधिक कारणले सारियो । उक्त रिट न्यायाधीशत्रय रामकुमारप्रसाद शाह, गिरिशचन्द्र लाल र सुशीला कार्कीको इजलासमा परेको थियो । तर, रिटको विपक्षी न्यायपरिषद्लाई पनि बनाइएको र शाह बिहीबारै परिषद्का सदस्य नियुक्त भएकाले सुनुवाइ सरेको हो । 'आफैं विरुद्धको रिटमा सुनुवाइ गर्न मिलेन' न्यायाधीश शाहले भने, 'आज (चैत १) यसको सुनुवाइ नहुने भो ।' अन्य उपयुक्त दिनमा उक्त रिटको पेसी तोकिने सर्वोच्चले जनायो ।

***सर्वोच्चको फैसला :*** प्रधान न्यायाधीशकै हैसियतमा अन्तरिम चुनावी मन्त्रिपरिषद्को अध्यक्षता सम्हालेर सिंहदरबार छिरेको तीन दिनमै सर्वोच्च अदालतले खिलराज रेग्मीविरुद्ध परेको एक रिटमा अन्तरिम आदेश जारी गर्दै उनलाई मन्त्रिपरिषद्मा हुञ्जेल प्रधानन्यायाधीश भन्न नपाइने आदेश दियो । एकै व्यक्ति कार्यपालिका र न्यायपालिका दुवैको प्रमुख हुँदा लोकतन्त्रको आधारस्तम्भ शक्ति पृथकीकरणको सिद्धान्तमा खलल पर्ने भन्दै रेग्मीलाई प्रधानन्यायाधीशबाट पदच्युत गरिपाऊँ भनी दायर भएको रिटमा लालको इजलासले यस्तो आदेश दिएको हो । स्वतन्त्र न्यायपालिकामा रेग्मीबाट कुनै प्रभाव नपरोस् भनेर यस्तो आदेश दिनुपरेको सर्वोच्चको निर्णयाधार (कुनै पनि फैसला वा आदेश दिनुपर्दा न्यायालयले समात्ने कारण) मा उल्लेख गरियो ।

***उच्चस्तरीय राजनीतिक समिति गठन :***प्रधान न्यायधीशको नेतृत्वमा सरकार गठन भएको दुई दिनपछि प्रमुख दलका शीर्ष नेता रहेको उच्चस्तरीय राजनीतिक समिति गठन गरियो । निर्धारित समयमै निर्वाचन हुने वातावरण निर्माण गर्न र अन्तरिम चुनावी मन्त्रिपरिषद्लाई सहयोग पु¥याउन यो समिति गठन गरिएको हो । प्रमुख दलका शीर्ष नेता पालैपालो संयोजक हुने गरी गठन गरिएको समितिको संयोजक सुरुमा एमाओवादी, त्यसपछि क्रमशः कांग्रेस, एमाले र मधेसी मोर्चाले गर्ने सहमति गरियो । एक/एक महिना पालैपालो अध्यक्षता गर्ने गरी भएको समितिमा दलहरूले थप

---

[२] राष्ट्रपतिले २ पृष्ठ, भट्टराईले ८ पृष्ठ र दाहालले ५ पृष्ठ लामो जवाफ पठाएका थिए ।

एक/एक जना प्रतिनिधि राख्ने व्यवस्था पनि गरे । गठनलगत्तै एमाओवादी अध्यक्ष पुष्पकमल दाहालको अध्यक्षतामा बसेको समितिको पहिलो बैठकले सबै दलसँग वार्ता गरी चुनावको वातावरण बनाउने निर्णय गऱ्यो ।

***निर्वाचन आयोगलाई पुर्णता :***चैत्र ८ गते संवैधानिक परिषदले निर्वाचन आयोगमा रिक्त प्रमुख आयुक्त र ४ आयुक्त नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गऱ्यो । चुनावी मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले संवैधानिक परिषद्लाई पूर्णता दिएको भोलिपल्ट बसेको परिषद्को बैठकले प्रमुख आयुक्तमा नीलकण्ठ उप्रेती, आयुक्तहरुमा दोलखबहादुर गुरुङ, अयोधिप्रसाद यादव, रामभक्त पीबी ठाकुर र इला शर्मालाई नियुक्त गर्न राष्ट्रपतिलाई सिफारिस गरेको हो । तर, त्यसको भोलीपल्ट राष्ट्रपति रामवरण यादवले प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्तिका लागि संवैधानिक परिषद्ले गरेको सिफारिसमा संवैधानिक प्रस्टता खोजे । राष्ट्रपति कार्यालयले संवैधानिक परिषद्का अध्यक्षसमेत रहेका मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई पत्राचार गरी संवैधानिक निकायका पूर्वपदाधिकारीलाई निर्वाचन आयोगमा नियुक्तिका लागि गरिएको सिफारिस प्रष्ट पार्न आग्रह गरेको हो । पत्रमा अन्तरिम संविधानको धारा १२८ को उपधारा ३ र ७ को व्यवस्थातर्फ सिफारिसकर्ताको ध्यानाकर्षण गराइएको छ । संविधानको उक्त धारामा ६ वर्षे कार्यकालका लागि नियुक्त हुने आयोगका पदाधिकारी अन्य सरकारी सेवाका लागि योग्य नहुने व्यवस्था छ । उप्रेती, यादव र गुरुङ ६ वर्षे कार्यकाल पूरा गरेका पूर्वआयुक्त हुन् । संवैधानिक परिषद्को सिफारिसप्रति राष्ट्रपति कार्यालयले थप प्रस्टता खोजेको सम्भवतः यो पहिलो हो ।

संवैधानिक परिषदले निर्वाचन आयोगका पदाधिकारी नियुक्तिका लागि यसअघि पठाएको सिफारिस नै विधानसम्मत भएको निष्कर्ष निकाल्दै राष्ट्रपति रामवरण यादवसमक्ष चैत्र १० गते पुरानै नाम सिफारिस गऱ्यो । राष्ट्रपति कार्यलयले उठाएको संवैधानिक प्रश्नको जवाफ तयार गर्दै परिषदले पूर्वआयुक्तहरूलाई नयाँ सन्दर्भमा आयोगको जिम्मेवारी दिनु संविधानको धारा १२८ विपरीत नहुने जनाएको हो । संवैधानिक परिषदले दोस्रोपटक नाम सिफारिस गरेको भोलीपल्ट राष्ट्रपति यादवले निर्वाचन आयोगमा पदाधिकारी नियुक्त गरे ।
दलहरूले असारमै निर्वाचन भनेर बताइरहेका वेला प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले भने असारमा निर्वाचन हुन नसक्ने संकेत दिए । चैत्र १२ मा उनले संविधानसभा निर्वाचनको तिथि सार्नु नपर्ने गरी तोक्ने गृहकार्य भइरहेको बताउदै भने, 'निवार्चन सार्नुपर्ने गरी हतारमा तिथि तोक्दा जनतामा निराशा आउँछ । दलहरूको पूर्वसमझदारी अनुरूपकै समयमा निर्वाचन गर्न समयले कतिको साथ दिन्छ, आन्तरिक समीक्षा गरिरहेका छौं । मौसमका दृष्टिले नेपालमा निर्वाचनका लागि कात्तिकदेखि मंसिरको पहिलो सातासम्म र चैतदेखि जेठको पहिलो हप्तासम्म उपयुक्त समय हो ।' असार पहिलो साता निर्वाचन गर्न ९० दिनभन्दा थोरै समय बाँकी रहेको बताउदै उनले भने, 'तिथि अगाडि ताने मरिने, पछाडि घचेड्दा खसिने अवस्था छ । अत्तालिएर तिथिमात्र घोषणा गर्दा औचित्य नहुन सक्छ ।'[3] साथै निर्वाचन तयारीका लागि न्यूनतम १ सय २० दिन आवश्यक पर्ने उनको भनाईले पनि असारमै निर्वाचन हुन नसक्ने कुराको संकेत गरेको हो ।

***गठबन्धन तयारी :*** चैत्र ६ गते एमाओवादी अध्यक्ष पुष्पकमल दाहालको संयोजकत्वमा रहेको 'संघीय लोकतान्त्रिक गणतान्त्रिक गठबन्धन' ले आगामी चुनावका लागि साझा उम्मेदवार र मिल्ने मुद्दामा साझा चुनावी घोषणापत्र बनाउने गृहकार्य सुरु गऱ्यो । दाहाल निवास लाजिम्पाटमा बसेको गठबन्धनको सचिवालय बैठकले यस्तो गृहकार्य थालेको हो । 'चुनावका लागि साझा उम्मेदवार र मिल्ने मुद्दामा साझा चुनावी घोषणापत्र बनाउने प्रस्ताव आएको छ,' गठबन्धन प्रवक्ता प्रेमबहादुर सिंहले भने, 'गठबन्धनमा रहेका पार्टीका आ-आफ्ना छुट्टै घोषणापत्र पनि हुन्छन् ।'

यता नेपाली कांग्रेस र एमालेले पनि आ-आफना आन्तरिक वैठकहरुमा लोकतान्त्रिक शक्तिसँग चुनावी तालमेल गरेर जाने भन्दै त्यसलाई छलफलको एजेण्डा बनाए । कांग्रेस सभापति सुशील कोइरालाले चैत्र १३ गते सार्वजानिक रूपमै लोकतान्त्रिक शक्तिहरूबीच एकता गरेर अघि बढ्ने बताए । कांग्रेसले चाहे अनुसारको लोकतान्त्रिक संविधान निर्माणका लागि गठबन्धन निर्माण गर्नुपर्ने कोइरालाको भनाई रह्यो । एमालेले पनि लोकतान्त्रिक संविधानको सुनिश्चितताका लागि विचार र मुद्दा मिल्ने शक्तिहरूसँग सहकार्य गर्ने भन्दै चैत्र १४ गतेको स्थायी कमिटी बैठकमा छलफल नै गऱ्यो । यही एजेण्डामा छलफल गर्ने भन्दै २६ र २७ गतेका लागि पोलिटब्युरो बैठक पनि बोलायो ।

---

[3] 'सार्नु नपर्ने गरी तिथी तोक्छौं' । राजेन्द्र फुँयाल र गणेश राई । कान्तिपुर, १३ चैत्र २०६९ । पृष्ठ १ ।

***जवाफदेहिताको खडेरी :*** सर्वोच्च अदालतले सर्वस्वसहित जन्मकैद सुनाएका एमाओवादी नेता बालकृष्ण ढुंगेललाई 'नागरिक कारबाही' गर्ने कुरालाई एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले 'सडक नाच'को संज्ञा दिए । उनले द्वन्द्वकालमा भएका घटना सत्य निरूपण तथा मेलमिलाप आयोगले निणर्य गर्नुपर्ने विषय भएकको उल्लेख गर्दै २०५५ सालमा भुवन श्रेष्ठको हत्यामा ढुंगेलको कुनै संलग्नता नभएको विज्ञप्तीमार्फत दावी गरे । 'द्वन्द्वकालमा घटेको उक्त घटनासम्बन्धी मुद्दा सत्य निरूपण तथा मेलमिलाप आयोगले निणर्य गर्नुपर्ने अवस्थाप्रति जिम्मेवार रहँदै सर्वोच्च अदालतमा समेत विचाराधीन रहेको अवस्थामा कथित नागरिक कारबाही गर्ने भन्ने सडक नाच सर्वोच्च अदालतको भावनाविपरीत त छँदैछ,' उनले भने ।

यता दोषीमाथि सजाय होला भन्ने अपेक्षामा रहेका द्वन्दपीडीतहरुको आशालाई भने दलहरुको सहमतिमा सरकारले ल्याएको र राष्ट्रपतिद्वारा जारी सत्य निरूपण तथा मेलमिलाप आयोगको ऐनका प्रावधानले तुषारापात गरिदियो । गम्भीर किसिमका मानव अधिकारका अपराधमा दोषी देखिएकालाई पनि आममाफी दिने गरी तयार पारिएको ऐनको प्रावधानप्रति असहमति जनाउँदै 'टुहुरा समाज नेपाल'सहितका आठ संस्थाका पदाधिकारीले संयुक्त रूपमा रिट दायर गरी गैरकानुनी प्रावधान बदर गर्न माग गरे । चैत १ गते राजपत्रमा प्रकाशित उक्त अध्यादेशका दफा १३, २३, २५ र २९ बदर हुनुपर्ने उनीहरुको जिकीर रह्यो । उनीहरुले अन्तर्राष्ट्रिय प्रचलन, मान्यता र मापदण्डविपरीतका प्रावधानले दण्डहीनतालाई झनै प्रश्रय दिने र पीडितहरूको घाउमा अझै नुनचुक छर्कने भएकाले त्यसलाई रोक्न सर्वोच्चमा आउनुपरेको रिटमा उल्लेख गरे । आफूहरूलाई न्याय दिलाउने स्वतन्त्र, सक्षम र पारदर्शी आयोगका लागि तीन महिनाभित्र कानुन मस्यौदा गर्नु भनी सर्वोच्चले निर्देशनात्मक आदेशसमेत दिनुपर्ने माग पनि उनीहरुको रह्यो ।